# अनुमतिपत्र प्राप्त नगरी वस्तु विनिमय बजार र सोसंग सम्बन्धित व्यवसाय नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति: २०७९/१०/१५**

वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न नहुने व्यवस्था रहेको र बोर्डले हालसम्म वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसाय गर्न कसैलाई पनि अनुमति प्रदान नगरेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । बोर्डले वस्तु विनिमय बजार संचालन गर्न कम्पनी संस्थापना गर्न पूर्व स्वीकृतिका लागि निवेदन दिने सम्बन्धी मिति २०७९।०६।०२ मा सूचना प्रकाशित गरेकोमा सम्मानित सर्वोच्च अदालतको अल्पकालिन आदेश बमोजिम उक्त सूचनासँग सम्बन्धित सम्पूर्ण प्रकृया यथास्थितीमा स्थगित रहेको जानकारी गराईन्छ । पछिल्लो समयमा कुनै संस्था/कम्पनीबाट वस्तु विनिमय बजार सम्बन्धी कारोबार भईरहेको भन्ने जानकारी प्राप्त भएकोले यसमा बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ । वस्तु विनिमय बजार र सोसँग सम्बन्धित व्यवसायहरु अनुमति नलिई संचालन गरेमा गैरकानुनी हुने र प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गराईन्छ । साथै आम लगानीकर्ताहरुलाई विना अनुमति संचालित वस्तु विनिमय बजार तथा व्यवसायी मार्फत वस्तु विनिमय बजार सम्बन्धी कुनै किसिमको कारोबार नगर्न/नगराउन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

**नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर**
**फोन नं. ०१-५५५०५११/१२**
**वेबसाईट** : www.sebon.gov.np